जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३०१ • २०८३ भदौ ४ गते विहिवार • 20 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# मधेश प्रदेश सरकारद्वारा उच्च पदाधिकारीका लागि सवारी साधन खरिदको अधिकतम सीमा तोकियो



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ३ भदौ

मधेश प्रदेश सरकारले उच्च पदाधिकारीका लागि सवारी साधन खरिदको अधिकतम सीमा तोकेको छ। प्रदेश अर्थ मन्त्रालयले जारी गरेको 'प्रदेश खर्च मापदण्ड निर्देशिका-२०८३' ले मुख्यमन्त्री र सभामुखका लागि अधिकतम १ करोड ५० लाख रुपैयाँसम्मको जिप खरिद गर्न सकिने व्यवस्था गरेको हो । निर्देशिकाअनुसार प्रदेशका मन्त्री, राज्यमन्त्री, सहायकमन्त्री र उपसभामुखका लागि १ करोड २० लाख रुपैयाँसम्मको सवारी साधन खरिद गर्न सकिनेछ।

प्रमुख सचिव, आयोगका पदाधिकारी तथा मुख्य न्यायाधिवक्ताका लागि ८० लाख रुपैयाँसम्म र प्रदेश सचिव वा सो सरहका पदाधिकारीका लागि ६० लाख रुपैयाँसम्मको सवारी साधन खरिद गर्न पाउने व्यवस्था गरिएको छ । त्यस्तै, संघीय सरकारका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभा अध्यक्ष तथा प्रधानन्यायाधीश लगायत अति विशिष्ट पदाधिकारी मधेश प्रदेश भ्रमणमा आउँदा प्रयोग गर्ने प्रयोजनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा तोकिएको निकायले बढीमा ४ करोड रुपैयाँसम्मको एक थान सवारी साधन खरिद गर्न सक्नेछ।

निर्देशिकाले अत्यावश्यक अवस्थाबाहेक अर्थ मन्त्रालयको सहमतिबिना चारपांग्रे तथा दुईपांग्रे सवारी साधन खरिद गर्न रोक लगाएको छ । भएका सवारी साधनको नियमित मर्मतसम्भार गरी मितव्ययी ढंगले प्रयोग गर्नुपर्ने व्यवस्था पनि गरिएको छ । सवारी सुविधा पाउने पदाधिकारीलाई प्रचलित कानुनले तोकेको अवस्थाबाहेक एकभन्दा बढी सवारी साधन उपलब्ध गराउन नपाइने उल्लेख छ।

खर्च नियन्त्रणका लागि बैठक भत्तामा समेत सीमा तोकिएको छ। एउटै निकायका पदाधिकारी वा कर्मचारी मात्र सहभागी हुने नियमित बैठकमा बैठक भत्ता नदिइने भएको छ । कानुनबमोजिम गठन भएका समिति वा कार्यदलको बैठकमा मात्र भत्ता उपलब्ध गराइनेछ । यस्ता समिति वा कार्यदलमा बढीमा सात सदस्य राख्न सकिनेछ भने आवश्यकता अनुसार बढीमा तीन जना विशेषज्ञलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराउन सकिनेछ । एक व्यक्तिले एक दिनमा बिहान र बेलुका गरी बढीमा दुई वटा बैठकको मात्र भत्ता लिन पाउनेछ।

सार्वजनिक बिदाको दिन भने बढीमा तीन वटा बैठकको भत्ता लिन सकिने व्यवस्था गरिएको छ। भ्रमण खर्चमा पनि निर्देशिकाले कडाइ गरेको छ। स्वदेश भ्रमणका क्रममा मुख्यमन्त्री र सभामुखको सचिवालयबाट बढीमा दुई कर्मचारी र दुई सुरक्षाकर्मी तथा अन्य पदाधिकारीका हकमा एक कर्मचारी र एक सुरक्षाकर्मीको मात्र दैनिक तथा भ्रमण खर्च भुक्तानी गरिनेछ। सरकारी निकायका पदाधिकारीले निर्माण व्यवसायी वा परामर्शदाताको खर्चमा स्वदेश वा विदेश भ्रमण गर्न नपाउने व्यवस्था पनि गरिएको छ। प्रदेशभित्रको भ्रमणमा एकपटकमा बढीमा चार दिन र प्रदेशबाहिरको भ्रमणमा बढीमा पाँच दिनसम्मको दैनिक भत्ता पाइनेछ।






# बर्दिबास अस्पतालमा सेवाग्राहीको संख्या बढ्दै

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ३ भदौ




बर्दिबास अस्पतालमा सेवाग्राहीको संख्या बढ्दै जाँदा पूर्वाधार अभाव, जनशक्ति कमी तथा व्यवस्थापन सम्बन्धी चुनौतीहरू एकैसाथ देखिन थालेका छन्।

अस्पतालको वार्षिक सेवा प्रवाह विवरणअनुसार पछिल्लो एक वर्षमा बहिरङ्ग (ओपीडी), अन्तरङ्ग (आईपीडी), आकस्मिक तथा मातृ-शिशु सेवामा सेवाग्राहीको चाप उल्लेख्य रूपमा बढेपछि व्यवस्थापनमा थप चुनौती सिर्जना भएको हो। आर्थिक वर्ष २०८२/८३ मा बर्दिबास अस्पतालले ४५ हजार ३७० जनालाई विभिन्न स्वास्थ्य सेवा प्रदान गरेको जनाएको छ । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा यो संख्या करिब ३९ हजार ४०० थियो । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. रितेश घिमिरेका अनुसार सेवा-सुविधाको विस्तारसँगै महोत्तरीलगायत छिमेकी जिल्लाबाट समेत बिरामी आउने क्रम बढेको छ । यसले जनशक्ति व्यवस्थापन, शौचालय विस्तार, प्रयोगशालाको क्षमता अभिवृद्धि, स्वास्थ्य बिमा तथा निःशुल्क औषधीको मौज्दात व्यवस्थापनलाई थप चुनौतीपूर्ण बनाएको छ । गत आर्थिक वर्षमा अस्पतालले फिजियोथेरापी, हाडजोर्नी तथा नसासम्बन्धी शल्यक्रिया, थाइराइड परीक्षण, मनोरोग (साइकियाट्रिक) ओपीडी, आरसीटी सेवा, दुई चेम्बरयुक्त मोर्चरी फ्रिजर तथा इलेक्ट्रोनिक मेडिकल रेकर्ड (ईएमआर) प्रणाली सञ्चालनमा ल्याएको थियो । सेवाग्राहीको चाप व्यवस्थापन गर्न अतिरिक्त ओपीडी काउन्टरसमेत थप गरिएको अस्पतालले जनाएको छ।


## नागरिकमैत्री: सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रुपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं ।

**सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




# संविधान संशोधनको विषय जटिल

मधेस केन्द्रित दल, केही जनजातीय समुदाय तथा संघीय सीमांकन सम्बन्धी असन्तुष्ट पक्षहरूले संविधानमा संशोधन आवश्यक रहेको माग उठाएको देखिन्छ। त्यसैले संविधान जारी भएको केही समयमै संशोधनको बहस राष्ट्रिय राजनीतिमा प्रमुख विषय बनेको देखिन्छ। तथापि संविधान प्रयोगको एक दशक बितिसकेका छन । यसबीचमा संविधान जारी हुँदा असन्तुष्ट रहेका केही पक्षले संविधानको प्रयोगलाई आत्मसात् गरिसकेकाले अबका दिनमा यसै संविधानलाई कसरी थप मजबुत, विकासमुखी र जनप्रेमी बनाउन सकिन्छ भन्ने अभिप्रायले संविधान संशोधनको विषय उठेको देखिन्छ। संविधान देशको मूल कानुन भएकाले यसलाई अत्यन्त गम्भीर एवं होसियारीका साथ चलाउनुपर्ने देखिन्छ । संसारको सबैभन्दा ठूलो संविधान भनेर चिनिने भारतको संविधान (१९५०) सन् २०२५ सम्म आइपुग्दा १ सय ३० पटक संशोधन भएका छन, यस अर्थमा भारतको संविधान लचिलो भई संशोधन गर्न सहज र सरल पाइन्छ ।

अमेरिकाको संविधान बनेको आजसम्म २ सय ३७ वर्षको इतिहासमा जम्मा २७ पटक मात्र संशोधन भएका छन। यसरी हेर्दा अमेरिकाको संविधान संशोधनको प्रक्रिया जटिल तथा कठोर पाइएको देखिन्छ । कुनै पनि देशको मूल कानुनका रूपमा रहेको संविधान संशोधनको प्रक्रिया र तरिका फरक-फरक रहेको देखिन्छ । यो सामान्य कानुन निर्माण र संशोधनको विषयजस्तो सरल र सहज नभएर संविधान संशोधनको विषय जटिल र पेचिलो नै रहेको देखिन्छ ।

# बिदेशमा १० वर्ष काम गरेपछि स्वदेशमै फुड्स क्याफे संचालन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३ भदौ**

वैदेशिक रोजगारीका लागि खाडी लगायत विभिन्न मुलुक जान चाहने नेपाली युवाको सङ्ख्या उल्लेख्य छ ।

स्वदेशमा रोजगारीका अवसर नभएको भन्दै ठुलो सङ्ख्यामा युवा जनशक्ति विदेश जाने सोचमा हुन्छन् । १० वर्षअघि जनकपुरधाम उपमहानगरपालिका- ६ बस्ने कमाल अन्सारीमा पनि यही सोच हाबी थियो । २० वर्षको उमेरमै उनी वैदेशिक रोजगारीमा गए । कतारमा १० वर्ष काम गरेका उनी अब भने स्वदेशमै




दुई-चार जनालाई रोजगारी दिने हैसियतमा पुगेका छन् ।

वैदेशिक रोजगारीमा आर्थिक उन्नति भए पनि परिवारसँग टाढा रहनुपर्दाको पीडा, अथक परिश्रम लगायतले जीवन कष्टकर बनेको अन्सारीको अनुभव छ। उनी कतारको एक कम्पनीमा उनी सुपरभाइजरको रूपमा कार्यरत थिए । तुलनात्मक रूपमा काम सजिलै भए पनि जीवनका महत्त्वपूर्ण १० वर्ष विदेशमा खर्चिएका कारण परिवारसँगै बस्ने हुटहुटीले गर्दा नेपाल फर्किएर व्यवसायमा हात हालेको उनले सुनाए । अन्सारीले जनकपुर फुड्स क्याफे सञ्चालन गरेका छन् । रामानन्द चोक र पिडारी चोकको बिचमा उनले क्याफे सञ्चालन गरेका छन्, जहाँ एक सेफ र तीन कर्मचारी गरी चार जनाले रोजगारीसमेत पाएका छन् ।

१० वर्षसम्म वैदेशिक रोजगारमा कमाएको रकमबाट केही बचत गरेको र सोही रकमले व्यवसायमा हात हालेको अन्सारीले बताए । '२० वर्ष हुँदा कामको खोजीमा कतार गएँ । पारिवारिक स्थिति राम्रो थिएन ।

# जिल्ला प्रहरी कार्यालय धनुषाद्वारा नागरिक सहायता लगायतका क्षेत्रमा सक्रियता

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३ भदौ**

जिल्ला प्रहरी कार्यालय धनुषाले चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो महिना साउनमा अपराध अनुसन्धान तथा नियन्त्रण, शान्ति सुरक्षा, ट्राफिक व्यवस्थापन, लागूऔषध नियन्त्रण र नागरिक सहायता लगायतका क्षेत्रमा सक्रियता बढाएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार साउन महिनामा विभिन्न शीर्षकमा १३४ वटा अपराधसम्बन्धी घटना दर्ता भएका छन् । तीमध्ये ज्यानसम्बन्धी १, चोरीसम्बन्धी ८, आत्महत्या सम्बन्धी ६, संगठित तथा आर्थिक अपराध ३१, सामाजिक अपराध ३२, महिला तथा बालबालिका सम्बन्धी अपराध १० र सवारी ज्यानसम्बन्धी ३९ वटा घटना रहेका छन् ।

प्रहरी प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायव उपरीक्षक मधुसुधन न्यौपानेले अपराध नियन्त्रणका लागि दैनिक गस्ती, नियमित चेकजाँच, सीमा क्षेत्रमा भारतीय समकक्षी निकायसँग समन्वय तथा अपराधको स्वरूप विश्लेषण गरी लक्षित सुरक्षा योजना कार्यान्वयन गरिएको जानकारी दिए । उनका अनुसार साउनमा चालु मुद्दाका ८७ जना प्रतिवादी



पक्राउ परेका छन् । धनुषामा चालु मुद्दातर्फ १ हजार २७९ जना प्रतिवादी पेन्डिङमा रहेकामा १४० वटा मुद्दा फछ्र्योट भएको प्रहरी विवरणमा उल्लेख छ। फैसला कार्यान्वयन तर्फ पनि प्रहरीले उल्लेख्य संख्यामा फरार व्यक्ति पक्राउ गरेको छ। साउनमा १९० जना पक्राउ गरी अदालतबाट तोकिएको ८८ वर्ष २१ दिन कैद तथा २४ लाख ३० हजार १७८ रुपैयाँ जरिवाना कार्यान्वयनका लागि सहयोग गरिएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित उजुरीको संख्या साउनमा १०५ रहेको छ । तीमध्ये घरेलु हिंसा सम्बन्धी उजुरी उपमहानगरपालिकाबाट ४४, नगरपालिकाबाट ४३ र गाउँपालिकाबाट १८ वटा आएका थिए । प्रहरीले ९५ वटा उजुरीमा मिलापत्र गराएको जनाएको छ ।





अनुरोधकर्ता



मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: अनावश्यक चिन्ता
मिथून: खानपानमा समस्या आउने
कर्कट: लामो यात्राको योग छ
सिंह: अशुभ समाचार प्राप्त हुने
कन्या: मनमा पछुतो आउने
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: आम्दानी हुने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: मित्रतामा फाटो आउने
कूम्भ: पिछडेको साथी मिल्ने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# भेनेजुएलाको आधा तेल अमेरिका निर्यात



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ भदौ**

भेनेजुएलाले आफ्नो तेल उत्पादनको झन्डै आधा अमेरिका निर्यात गरिरहेको जनाइएको छ । भेनेएलाबाट अमेरिकामा दैनिक १२ लाख ५० हजार ब्यारेल तेल गइरहेको अमेरिकी ऊर्जामन्त्री काइल हास्टवेटले मंगलबार ह्युस्टनमा आयोजित एक कार्यक्रममा जानकारी दिएका हुन् ।

तेल कच्चा तेल प्रशोधनका लागि भनेर बनाइएका रिफाइनरीमा गइरहेको पनि उनले बताए । भेनेजुएलासँग विश्वको सबैभन्दा ठूलो प्रमाणित तेल भन्डार छ । भेनेजुएलासँग ३०३ अर्ब ब्यारेल कच्चा तेल भएको र यो विश्वमा प्रमाणित कुल तेलको १७ प्रतिशत भएको अमेरिकी ऊर्जा सूचना प्रशासनले जनाएको छ । तर दशकौँसम्मको कम लगानी र पश्चिमा प्रतिबन्धका कारण भेनेजुएलाको तेल उत्पादन विश्वको कुल आपूर्तिको १ प्रतिशतमा खुम्चिएको छ । २०२५ को अन्त्यमा यसले दैनिक १० लाख ब्यारेल तेल उत्पादन गरेको थियो । योमध्ये १ लाख ३५ हजार ब्यारेल अमेरिका गएको थियो । भेनेजुएलाको कच्चा तेल निकै भारी र अमिलो हुन्छ । अमेरिका गल्फ कोष्टमा रहेका तेल प्रशोधन केन्द्र यस्तै तेल प्रशोधनका लागि बनाइएका हुन् ।

जुलाईमा फाइनन्सियल टाइम्समा प्रकाशित समाचार अनुसार अमेरिकाले यो वर्ष मात्रै भेनेजुएली तेल बेचेर १३ अर्ब डलरभन्दा धेरै कमाएको जनाएको छ । तर यो समाचारको जवाफमा ट्रम्पले वास्तविक रकम झनै धेरै हुनसक्ने भनेका थिए ।

यसमध्ये ३ अर्ब डलर भेनेजुएलालाई दिने अनुमति अमेरिकी विदेश मन्त्रालयले दिएको अप्रिलमा मन्त्रालयले कङ्ग्रेसलाई भनेको थियो । ७ महिनाअघि अमेरिकी सेनाले राजधानी कारकासमा आक्रमण गरेर राष्ट्रपति निकोलस मदुरोलाई अपहरण गरी वासिङ्टन लगेको थियो ।

# तीन दिने दोहोरी मेला आयोजना हुँदै, दुई दर्जन कलाकारको प्रस्तुति रहने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ भदौ**




करिब दुई दर्जन लोक दोहोरी कलाकारको सहभागिता रहने तीन दिने 'लोकदोहोरी मेला' आयोजना हुने भएको छ ।

काठमाडौँको जमलस्थित टप दरबार रोधी क्लबले आफ्नो औपचारिक उद्घाटनको अवसर पारेर यही भदौ ५ गतेदेखि ७ गतेसम्म उक्त मेला आयोजना गर्न लागेको हो । क्लबले राजधानीमा एक कार्यक्रम गर्दै मेलाको विभिन्न पक्षबारे जानकारी दिएको हो । नेपाली मौलिक कला, संस्कृति, लोकगीत तथा रोधी परम्पराको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने उद्देश्यले लोकदोहोरी मेला आयोजना गर्न लागिएको क्लबले जनाएको छ ।

तीन दिनसम्म चल्ने मेलामा राजु परियार, बद्री पंगेनी, प्रकाश सपुत, दुर्गेश थापा, विश्व दोङ, प्रेमराजा महत, पुरुषोत्तम न्यौपाने, कृष्ण कँडेल, अर्जुन सापकोटा, पशुपति शर्मा, चन्द्र शर्मा, प्रकाश दुतराज, राजु ढकाल, देवी घर्ती, ज्योति मगर, प्रीति आले, वसन्त थापा, श्याम राना, प्रियंका कार्की, एलिना चौहान, शान्ता रानी परियार, दीपिका बयम्बु, सुनिल क्षेत्री, करिश्मा शाही, दिनेश काफ्ले, कविता नेपाली, गंगु क्षेत्री, याङ्गी दोङ, गुराँस नानी र प्रतिमा अर्याल लगायतका कलाकारले प्रस्तुति रहनेछ । त्यस्तै, सिन्धुली कलाघर बाजा समूहको विशेष प्रस्तुति पनि मेलाको आकर्षण रहनेछ ।

# लागुऔषध विरुद्धको अभियानमा प्रहरीद्वारा गाँजासहित एक नेपाली युवकलाई पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, ३ भदौ**




भारतको बिहारस्थित मोतिहारी जिल्लाको सुगौली थाना क्षेत्रमा सञ्चालन भइरहेको लागुऔषध विरुद्धको अभियानका क्रममा प्रहरीले गाँजासहित एक नेपाली युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बारा जिल्लाको जितपुर उपमहानगरपालिका-१ निवासी रमाकान्त मुखियाका छोरा राजन मुखिया रहेका छन् ।

सुगौली थानाका प्रभारी अनिश कुमार सिंहका अनुसार मंगलबार गोप्य सूचनाका आधारमा प्रहरीले विशेष निगरानी तथा कारबाही अघि बढाएको थियो। सोही क्रममा राजनलाई नियन्त्रणमा लिँदा उनको साथबाट ७५० ग्राम गाँजा बरामद भएको हो । प्रहरीले बरामद गाँजा नियन्त्रणमा लिएर पक्राउ परेका युवकविरुद्ध आवश्यक कानुनी प्रक्रिया अघि बढाएको जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको सुगौली प्रहरीले बताएको छ ।




**अनुरोधकर्ता**
**लोहारपट्टी नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**जलेश्वर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# ‘आवारा’ र ‘किर्ना’ को भाष्य : जबजको मर्ममाथि प्रहार

-नेकपा (एमाले) नेपाली कम्युनिस्ट आन्दोलनको वैचारिक, सांगठनिक र राजनीतिक प्रतिनिधि हो र यसको इतिहास सामूहिक संघर्ष र राजनीतिक चेतनाको परिणाम हो । पार्टी अध्यक्ष केपी शर्मा ओलीबाट असहमति राख्ने नेता-कार्यकर्ताप्रति प्रयोग गरिएका 'आवारा', 'किर्ना', 'सडकछाप' जस्ता अपमानजनक पदावलीले पार्टीभित्र चिन्ता पैदा गरेको छ ।

मार्क्सवादी दर्शनले विचारको विकासका लागि बहस र आलोचनालाई स्वाभाविक मान्छ, तर अहिलेको प्रवृत्तिले राजनीतिक असहमतिलाई विचारको सट्टा गालीले विस्थापित गर्न खोजेको छ । नेकपा (एमाले) नेपाली कम्युनिस्ट आन्दोलनको वैचारिक, सांगठनिक र राजनीतिक प्रतिनिधि हो। यसको इतिहास संस्थागत राजनीतिको गौरव र पर्याय हो; यो कुनै एक व्यक्तिको निजी राजनीतिक यात्राको इतिहास होइन । यो पुष्पलालको वैचारिक संघर्ष, मदन भण्डारीको जनपक्षीय राजनीतिक चिन्तन, जनताको बहुदलीय जनवाद (जबज) को विकास, हजारौं नेता-कार्यकर्ताको त्याग, बलिदान, भूमिगत संघर्ष, जेलजीवन, जनसंगठन निर्माण, जनआन्दोलनको सफल सञ्चालन र जनताको निरन्तर समर्थनबाट निर्मित सामूहिक राजनीतिक विरासत हो। एमाले कुनै एक व्यक्तिको योगदानको उपज होइन, यो पुस्तौंपुस्ताको सामूहिक संघर्ष र राजनीतिक चेतनाको परिणाम हो । आज एमालेभित्र नेतृत्व र असहमतिबिच देखिएको तनावलाई कुनै व्यक्तिविशेषको पक्ष वा विपक्षको सामान्य विवादमा सीमित गरेर बुझ्नु गम्भीर राजनीतिक भूल हुनेछ । यो मूलतः पार्टीको सिद्धान्त, विचार, संगठनात्मक पद्धति, राजनीतिक संस्कृति, नेतृत्वको मनोविज्ञान, वैचारिक सहिष्णुता, जनवादी केन्द्रीयता र नेपालको कम्युनिस्ट आन्दोलनको भविष्यसँग जोडिएको महत्त्वपूर्ण प्रश्न हो ।

असहमतिमाथि गालीको वर्षाः साउन ३०-३१ गते इलाम र झापामा पार्टी अध्यक्ष केपी शर्मा ओलीबाट आफूसँग फरक मत राख्ने नेता-कार्यकर्ताप्रति सार्वजनिक रूपमा प्रयोग गरिएका अपमानजनक पदावली र उपमाले देशभरका पार्टी कार्यकर्ता, समर्थक र शुभेच्छुकलाई गम्भीर रूपमा चिन्ताग्रस्त बनाएको छ। अध्यक्षजस्तो जिम्मेवार राजनीतिक व्यक्तित्वको कदबाट यस्ता शब्द प्रयोग हुनु निश्चय नै शोभनीय होइन । च्यासलस्थित पार्टी कार्यालयमा चिया-खाजा खाँदै पार्टीको वर्तमान अवस्था, पुनर्गठनको आवश्यकता र आगामी दिनमा कम्युनिस्ट आन्दोलनलाई कसरी अगाडि बढाउने भन्ने विषयमा छलफल गर्ने कार्यकर्तालाई ‘आवारा’ भन्नु; आफ्नो अनुकूल प्रतिवेदन नलेख्ने कार्यदलका सदस्यलाई अपमान गर्दै ‘मेरो रगत खाने किर्ना’ जस्ता उपनामले लाञ्छित गर्नु; आलोचकलाई ‘सडकछाप’, ‘पार्टी छोड, आलोचना गर्ने अधिकार छैन’, ‘ट्याउँट्याउँ नगर’ भन्ने शैलीमा सम्बोधन गर्नु सामान्य राजनीतिक शिष्टाचार र संस्कार किमार्थ होइन । यस्ता अभिव्यक्तिलाई हाँसो, व्यङ्ग्य वा तत्कालीन राजनीतिक आवेगका रूपमा मात्र बुझेर टार्न सकिँदैन । कम्युनिस्ट आन्दोलनमा राजनीतिक असहमतिलाई अराजनीतिक भाषाले विस्थापित गर्न थाल्नु वैचारिक विचलन र व्यक्तित्वको क्षय हो । मार्क्सवादी दृष्टिकोणमा असहमति शत्रुता होइनः मार्क्सवादी-लेनिनवादी राजनीतिक दर्शनको मूल आधार नै समाज, राजनीति र संगठनको गतिशील अन्तर्विरोध, वर्गीय सम्बन्ध, संघर्ष, बहस, आलोचना र आत्मालोचनाको सिद्धान्तबाट बुझ्नुपर्ने हुन्छ। मार्क्सवादी दर्शनले कुनै पनि विचारलाई प्रश्नभन्दा माथि राख्दैन। सत्यको खोजी बहसबाट हुन्छ, विचारको विकास आलोचनाबाट हुन्छ र संगठनको शुद्धीकरण आत्मालोचनाबाट हुन्छ । त्यसैले पार्टीभित्र फरक मत आउनु स्वाभाविक हो। विचारको विकास र संगठनको जीवन्तताका लागि फरक मत अपरिहार्य प्रक्रिया हो । नेतृत्वसँग असहमत हुनु पार्टीविरोधी हुनु होइन। नेतृत्वको आलोचना गर्नु आन्दोलनको विरोध गर्नु होइन। लोकतान्त्रिक कम्युनिस्ट पार्टीमा आलोचना, प्रश्न र फरक मत राख्ने अधिकारलाई कमजोर पारेर संगठन बलियो बनाउन सकिँदैन । प्रश्नको उत्तर प्रश्नले होइन, तर्कले दिनुपर्छ ।

तर्कको उत्तर तथ्यमा आधारित तर्कले दिनुपर्छ । राजनीतिक असहमतिलाई विचार र राजनीतिले उत्तर दिनुपर्छ । जब विचारको ठाउँमा गाली आउँछ, तर्कको ठाउँमा आरोप आउँछ र राजनीतिक बहसको ठाउँमा व्यक्तिलाई अपमानित गर्ने भाषा आउँछ, तब समस्या केवल भाषाको मात्र रहँदैन; त्यसले पार्टीको राजनीतिक संस्कृति र नेतृत्वको संगठनात्मक दृष्टिकोणमाथि नै गम्भीर प्रश्न उठाउँछ । ‘आवारा’ र ‘किर्ना’ जस्ता शब्द कति वैचारिक ? राजनीतिक भाषामा प्रयोग गरिने शब्दले नेतृत्वको मानसिकता र राजनीतिक दृष्टिकोणसमेत अभिव्यक्त गर्छ। कुनै कार्यकर्तालाई ‘आवारा’ भन्नु उसको विचारसँग असहमति जनाउनु मात्र होइन, उसको राजनीतिक हैसियत र चरित्रलाई नै अवमूल्यन गर्नु हो । त्यस्तै, वैचारिक र राजनीतिक रूपले असहमत कमरेडहरूलाई ‘किर्ना’ जस्ता जैविक उपनामबाट लाञ्छित गर्नु मनमा द्वेष राखेर हटाउन वा नष्ट गर्नुपर्ने शत्रुको रूपमा चित्रित गर्ने प्रयास हो ।

राजनीतिमा यस्तो भाषाले एउटा खतरनाक मनोदशा प्रकट गर्छ। पहिला विचारमा असहमत हुने व्यक्ति कोपभाजनमा पर्छ, बिस्तारै उसलाई ‘गलत’ करार गरिन्छ, त्यसपछि ऊ ‘पार्टीविरोधी’ र अन्ततः ‘शत्रु’ बन्छ। त्यसपछि ऊ पार्टीभित्र बस्नै नहुने व्यक्तिका रूपमा चित्रित हुन्छ- ‘आवारा’, ‘सडकछाप’ भन्दै पार्टी छोड्न चेतावनी दिइन्छ। यस्तो प्रवृत्ति लोकतान्त्रिक कम्युनिस्ट संस्कृतिका लागि अत्यन्त घातक छ। किनकि मानिसलाई राजनीतिक तर्कका आधारमा सहमत गराउने संस्कारबाट कम्युनिस्ट आन्दोलन अघि बढेको हो; मानिसलाई अपमान गरेर, डर सिर्जना गरेर चुप लगाउने संस्कारबाट होइन । कस्तो राजनीतिक संस्कृति निम्त्याउँदै छौं ? आज देशभरका कार्यकर्ताले प्रश्न गरिरहेका छन्- कुन मानसिकता र कुन राजनीतिक संस्कृतिले नेतृत्वलाई यति अराजनीतिक भाषा प्रयोग गर्ने ठाउँमा पुऱ्याउँछ? कसरी एउटा कम्युनिस्ट पार्टीको शीर्ष नेतृत्वबाट आफ्नै सहकर्मी, नेता र कार्यकर्तालाई यस्ता निम्नस्तरीय परजीवी ‘किर्ना’का रूपमा चित्रण गर्न सकियो? आफ्नै सहकर्मीले पार्टी निर्माणमा योगदान गर्नुपर्छ भन्दा ‘किर्ना’को लाञ्छना खेप्नुपर्ने, पार्टी पुनर्गठन आवश्यक छ भन्दा ‘आवारा’ र ‘सडकछाप’ भनिनुपर्ने? यस्ता शब्द त वर्गीय शत्रुविरुद्ध पनि प्रयोग गरिँदैन । यो केवल व्यक्तिको चरित्रमाथिको आक्षेप मात्र होइन, विचार र राजनीतिको अधोपतन तथा राजनीतिक संस्कारको क्षयीकरण हो ।

कम्युनिस्ट आन्दोलनको आधार वर्गीय चेतना, सामाजिक न्याय, समानता, श्रमको सम्मान, जनताको मुक्ति र वैज्ञानिक राजनीतिक दृष्टिकोण हो । नेतृत्वले आफ्नै कार्यकर्तालाई अपमानित गर्ने भाषा प्रयोग गर्न थाल्यो भने त्यो केवल संगठनात्मक अनुशासनको समस्या मात्र रहँदैन, आन्दोलनको मूल राजनीतिक संस्कृतिसँगै बाझिने विषय बन्छ । कम्युनिस्ट आन्दोलनले मानिसलाई चेतनशील राजनीतिक नागरिक बनाउन खोज्छ। कार्यकर्तालाई प्रश्न गर्ने, छलफल गर्ने, आलोचना गर्ने र निर्णय निर्माणमा सहभागी हुने राजनीतिक शिक्षा दिन्छ ।



कार्यकर्ताले नेतृत्वको आलोचना गर्दा ‘आवारा’ वा ‘किर्ना’ बन्नुपर्छ भने प्रश्न उठ्छ- हामीले निर्माण गर्न खोजेको कार्यकर्ता कस्तो हो? सोच्ने कार्यकर्ता कि अन्धआदेश मान्ने कार्यकर्ता? दास कि लास? पार्टीमा सोच्ने र प्रश्न गर्ने अधिकार समाप्त हुन्छ भने जीवित संगठन बाँकी रहँदैन; विचार र आन्दोलनको आत्मा पनि सकिन्छ । त्यसैले अराजनीतिक भाषा कम्युनिस्ट आन्दोलनलाई विसर्जनतर्फ लैजाने पूर्वअभ्यास हो किन नभन्ने ? अनुशासनको नाममा मौनता स्वीकार्य छैनः पार्टीमा अनुशासन आवश्यक छ, तर अनुशासन र दासता एउटै कुरा होइनन् । सामूहिक निर्णय भएपछि त्यसको कार्यान्वयनमा संगठनात्मक अनुशासन आवश्यक हुन्छ; तर निर्णय हुनुअघि व्यापक बहस, आलोचना, प्रश्न र फरक मत राख्ने अधिकार त्यत्तिकै आवश्यक हुन्छ। कम्युनिस्ट पार्टीको लोकतान्त्रिक जीवनमा आलोचना र आत्मालोचनाको परम्परा त्यसैका लागि विकसित भएको हो; लेनिनले संगठनात्मक सिद्धान्तको विकास त्यसैका लागि गर्नुभएको हो । पार्टीमा आलोचना गर्न पाइँदैन भने आत्मालोचना कसरी हुन्छ ? समीक्षा कसरी सम्भव हुन्छ ? यदि नेतृत्वमाथि प्रश्न उठाउन पाइँदैन भने नेतृत्वका कमजोरी कसरी सच्चिन्छन्? यदि कार्यकर्ताले आफ्नो अनुभव नेतृत्वसमक्ष राख्न सक्दैनन् भने जनताको वास्तविक समस्या नेतृत्वसम्म कसरी पुग्छ ? त्यसैले मौनता अनुशासनको प्रमाण होइन; कतिपय अवस्थामा मौनता भयको प्रमाण पनि हुन सक्छ ।

साभार : रातोपाटी ।


“पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।“



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
शहिदनगर नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश






अनुरोधकर्ता
धनौजी गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday